# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- ३२**

मिति २०८१।०२।२८

## छलफल तथा निर्णय

निर्णयहरु

१. प्रदेश सरकारबाट सञ्चालित प्रदेश गौरबका योजनाहरु तथा अन्य विकास निर्माणका योजनाहरुको कार्यान्वयनको अवस्थाबारे स्थलगत अनुगमन गर्ने गरी कार्यक्रम तयारी गर्न समिति सचिवलाई निर्देशन दिने निर्णय गरियो।

२. प्रदेश सभाको चालु आ.व ०८०।०८१ को स्विकृत बार्षिक बजेट तथा कार्यक्रममध्ये अर्थ, विकास तथा प्राकृतिक श्रोत समितिको अन्तरप्रदेश भ्रमण कार्यक्रममा विनियोजित रकमको अधीनमा रही समितिका सभापतिज्यूको नेतृत्वमा अर्थ, विकास तथा प्राकृतिक श्रोत समितिका सदस्य तथा कर्मचारीहरु सहितको टोलि संघीय संसद र बाग्मति प्रदेशको प्रदेश सभाका समितिहरुले गरेका कामकारवाहीका सम्बन्धमा अनुभव आदान प्रदान तथा वागमति प्रदेश अन्तर्गतका पर्यटकिय स्थलहरुको अवलोकन भ्रमणका लागि कार्यक्रम तयार गर्न समिति सचिवलाई निर्देशन दिने निर्णय गरियो।

३. अर्थ, विकास तथा प्राकृतिक श्रोत समितिको कार्यविधि, २०८० को देहायबमोजिम प्रथम संशोधन पारित गर्ने निर्णय गरियो।

### अर्थ, विकास तथा प्राकृतिक श्रोत समितिको (प्रथम संशोधन) कार्यविधि, २०८०

**१. प्रस्तावनामा संशोधन** :- प्रस्तावनामा भएको "सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १५३ को उपनियम (७)" को सट्टा "सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८० को नियम १५८ को उपनियम (८)" राखिएको छ।

**२. अर्थ, विकास तथा प्राकृतिक श्रोत समितिको कार्यविधि, २०८० को दफा २ मा संशोधन** :- अर्थ, विकास तथा प्राकृतिक श्रोत समितिको कार्यविधि, २०८० (यसपछि "कार्यविधि" भनिएको) को दफा २ को,-

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-
"(ग) "कार्यक्षेत्र" भन्नाले आर्थिक मामिला मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रादेशिक नीति तथा योजना आयोग, उपभोक्ता हित संरक्षण र सम्वद्ध विषय तथा निकाय सम्झनु पर्दछ।"

(२) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-
"(घ) "नियमावली" भन्नाले सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८० सम्झनु पर्छ।"

(३) खण्ड (ट) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-
"(ट) "समिति सचिव" भन्नाले नियमावलीको नियम १७२ को उपनियम (३) बमोजिमको समितिको सचिव सम्झनु पर्दछ।"

# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- ३२**

मिति २०८१।०२।२८

## छलफल तथा निर्णय

३. **कार्यविधिको दफा ७ मा संशोधन** :- कार्यविधिको दफा ७ को,-

(१) उपदफा (१), (२) र (३) को सट्टा देहायको उपदफा (१), (२) र (३) राखिएका छनः-

"(१) समितिको गणपूरक सङ्ख्या समितिको तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ।"

"(२) समितिको बैठकमा गणपूरक सङ्ख्या नपुगेमा सो सङ्ख्या नपुगेसम्म समितिको सभापतिले बैठकको कार्य स्थगित गर्न वा अर्को कुनै समय वा दिनसम्मको लागि बैठक स्थगित गर्न सक्नेछ।"

"(३) उपनियम (२) बमोजिम समितिको बैठकमा समेत गणपूरक सङ्ख्या नपुगेमा कम्तीमा एक तिहाई सदस्यको उपस्थितिमा बैठक बस्न सक्नेछ र सोको जानकारी सभापतिले सभामुखलाई दिनु पर्नेछ।"

४. **कार्यविधिको दफा ८ मा संशोधन** :- कार्यविधिको दफा ८ को,-

(१) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) सदस्य बाहेक सभाको कुनै सदस्यले छलफलमा भाग लिन चाहेमा नियमावलीको नियम १५४ को उपनियम (५) बमोजिम वैठक बस्ने दिन भन्दा कम्तीमा एक दिन अगावै सभापतिलाई जानकारी दिई उपस्थित हुन सक्नेछ।"

५. **कार्यविधिको दफा १३ मा थप** :- कार्यविधिको दफा १३ मा देहायको उपदफा (२) थपिएको छः-

"(२) समितिको बैठकको निर्णय सभापतिबाट प्रमाणित हुनेछ।"

६. **कार्यविधिको दफा १६ मा संशोधन** :- कार्यविधिको दफा १६ को,-

(१) कार्यविधिको दफा १६ मा रहेका "नियमावलीको नियम १५९ मा भएको व्यवस्था बमोजिम" भन्ने शब्दहरु झिकिएका छन्।